# एभरेष्ट इन्स्योरेन्स कं लि. कर्मचारी संघ

दर्ता प्रमाणपत्र नं. ३००८ | पत्र च.न. २०७८/७९-२८

---

श्रीमान् अध्यक्ष ज्यू सन्चालक समिती
एभरेष्ट इन्स्योरन्स कम्पनी लिमिटेड
हात्तिसार, काठमाण्डौं, नेपाल ।

मिति २०७९।०३।१५

श्रीमान् प्रमुख कार्यकारी अधिकृत ज्यू
एभरेष्ट इन्स्योरन्स कम्पनी लिमिटेड
हात्तिसार, काठमाण्डौं, नेपाल ।

विषय :– मिती २०७९।०२।०५ को पत्र सम्वन्धमा ।

महोदय,

एभरेष्ट इन्स्योरन्स कम्पनी लि. कर्मचारी संघले मिती २०७९।०२।०५ मा मर्जरको क्रममा यस कम्पनीका कर्मचारीहरुको सम्बन्धमा कुनै पनि निर्णय गर्नको लागी एक मात्र ट्रेड युनियन (**एभरेष्ट इन्स्योरेन्स क. लि. कर्मचारी संघ**) को प्रतिनीधि समेत रहने गरी मर्जर उप–समिती गठन गरियोस भनी ध्यानाकर्षण गराएको सम्वन्धमा व्यवस्थापने हालसम्म पनि कुनै उप–समिती गठन नगरेकोमा यस संघको गम्भिर ध्यानाकषर्ण भएको छ । यसरी व्यवस्थापनले कर्मचारीको बारेमा निर्णय गर्दा कर्मचारी संघ सित कुनै छलफल नगरी एक तर्फी रुपमा निर्णय गर्दा हुन सक्ने दुर्धटनाको जिम्मेवार पुर्णरुपमा व्यवस्थापन पक्ष हुने छ भन्ने कुरामा यहाँहरुको ध्यानाकर्षण गर्न चाहन्छौ ।

भवदिय,

..................
प्रदिप विष्ट
सचिव

बोधार्थ:
१. श्रीमान् अध्यक्ष ज्यू, बीमा समिति ।
२. श्री नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय समिति ।
३. श्री एभरेष्ट इन्स्योरन्स कम्पनी लिमिटेड, सुचना पटी र इमेल ।

# एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. कर्मचारी संघ

## Everest Insurance Company Ltd. Employee Union

हात्तिसार, काठमाडौं (Hattisar, Kathmandu)

च. नं. ०६५/६६-०५ | मिति २०६५/१२/०५

एभरेष्ट इन्स्योरेन्स कं. लि.
दर्ता नं. 4423
मिति: 2065-12-5

श्रीमान् अध्यक्ष ज्यू, सञ्चालक समिति
एभरेष्ट इन्स्योरेन्स कं. लि.

श्रीमान् प्रमुख कार्यकारी अधिकृत ज्यू
एभरेष्ट इन्स्योरेन्स कं. लि.
हात्तिसार, काठमाडौं

विषय : ध्यानाकर्षण गराइएको बारे ।

महोदय,

एभरेष्ट इन्स्योरेन्स कं. लि. कर्मचारी संघ कर्मचारीहरुको हकहितको संरक्षण गर्दै सदैव कम्पनीको प्रगति र उन्नतिका लागि स्थापित संस्था हो । यस कम्पनीको स्थायित्व र उन्नति प्रगतिको निमित्त सम्पूर्ण कर्मचारीहरुको अथक परिश्रम र महत्वपूर्ण योगदान रहेको कुरा सर्वविदितै छ ।

मिति २०६५ वैशाख २२ गते बीमा समाचार ई-लेटर समाचार पूँजीगत आधारलाई मजबुत प्रतिस्पर्धी क्षमताको विकास र कम्पनीलाई अझ बढी बीमा व्यवसाय उपलब्ध गराउने उद्देश्यले गर्दै वर्तमान सम्पूर्ण सरोकारवालाहरुको दीर्घकालीन हित संरक्षण गर्न एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. र हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि. एक आपसमा गाभिने सम्झौता प्रति यस संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

यसै सन्दर्भमा प्रतिस्पर्धात्मक निर्जीवन बीमाको बजारमा कम्पनीलाई एउटा बलियो, जोखिम वहन गर्न सक्ने क्षमताको वृद्धि र कम्पनीको विकास र विस्तार गर्ने विषयमा यस संघको सदैव पूर्ण समर्थन र सहयोग रहने व्यहोरा जानकारी गराउदछौं ।

कम्पनीको बृहत्तर हितलाई ध्यानमा राखी गाभिने कार्यलाई अगाडी बढाउँदा यस कम्पनीमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको हितलाई ध्यान दिन र Job Security पूर्ण सुनिश्चित गर्न यस संघ जोडदार माग गर्दछ । कर्मचारी समायोजन गर्दा प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम ऐन अभ्यास र सेवा नियमावली समेतलाई ध्यान दिई गर्ने प्रक्रियामा अगाडी बढाउन अनुरोध गर्दछौं । गाभिने क्रममा यस कम्पनीका कर्मचारीहरुको सम्बन्धमा कुनै पनि निर्णय गर्दा लागी एक मात्र हक प्राप्त ट्रेड युनियन (एभरेष्ट इन्स्योरेन्स क. लि. कर्मचारी संघ) को प्रतिनिधि समेत रहने गरी एउटा उप समिति गठन गरियोस् ।

यस संघद्वारा राखिएका कर्मचारी सम्बन्धित विषयहरुमा व्यवस्थापनले सकारात्मकरुपमा लिने छ भन्ने विश्वास व्यक्त गर्दै, कर्मचारी व्यवस्थापन सम्बन्धमा देशको विद्यमान श्रम कानुन तथा नियमहरुको अक्षरसः पालना गराउन समेत अनुरोध गर्दछौं ।

रविन्द्र खड्का
अध्यक्ष

बोधार्थ:
१. श्रीमान् अध्यक्ष ज्यू, बीमा समिति ।
२. श्री नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय समिति ।
३. श्री एभरेष्ट इ.कं.लि., सूचना पाटी ।